हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY




वर्ष : ०१ अंक : ७२ पृष्ठ : ४ २०७७ असोज ९ गते शुक्रबार (Friday 25 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## जीवनभर ऋणकैं बधुवा

**५९**वर्षीय फूलेश्वर सदाय मुसहर अझपनि शारीरिक श्रम गर्छन् । घाम, पानी अनि निधारमा निस्किने चिटचिट पसिना उनका उर्जा सरह हुन । कारण, बुढ्यौली उमेरमा उनको त्यही थाप्लोमा १ लाख २८ हजार ऋण तिर्नुपर्ने बाध्यता छ । त्यसैले शारीरिक श्रमलाई उनी 'ऋण' सँगको पर्यायवाची मान्छन अर्थात ऋण तिर्न 'शारीरिक श्रम' । त्यसको विकल्प आफूमा नभएको उनको बुझाइ छ ।







सिरहा लक्ष्मीपुर पतारी-४ धन्छबारका भूमिहीन सुकुम्बासी दलित परिवारका फूलेश्वर चार भाई छन् । उनका बुबा नथुनीले गिरहत (मालिक) विल्सा यादवको घरखेतमा हलो जोतेर उनीहरूलाई हुर्काए । दाजुभाईमध्ये साहिलो फूलेश्वर बुबा नथुनीका विश्वासपात्र थिए । 'किछो करतैं त यहा हमर बेटा फूलेश्वर किछो करत (केही गर्छभने यही छोरा फूलेश्वरले केही गर्छ) । कारण सानोमा फूलेश्वर बुबाले माटो काट्दा, हलो जोत्दा आफूभन्दा अग्लो हलोको लगना समाउन पुग्थे । त्यही भएर उनी अरू दाजुभाई भन्दा बुबाका बढी विश्वास पात्र भए ।

तर, नथुनीका त्यही छोरा फूलेश्वर गिरहतको ऋण तिर्न संघर्षरत छन् । फूलेश्वर भन्छन् 'जीवनभर गिरहतको ऋण तिर्न नसकि मरिन्छ होला ।' फूलेश्वरका चार दाजुभाई मध्ये माहिलो दाजु गुल्टेन कल्याणपुरमा छोरीसँग बस्छन् । अरू तिनभाई बुबा नथुनी बसेको १० धुर गाउँ ब्लक जग्गामा जेठो सैनी, कान्छा रवी र उनका परिवार फाँटमा बसेका छन् । जेठो सैनीको मृत्यु भइसकेको छ । साढे तिन धुर जग्गामा दुई वटा परिवारका सदस्य नअट्ने फुसको घरमा बसी गुजारा चलाएका फूलेश्वर गिरहत भोगी यादवको घरमा सानैदेखि नोकरी गर्थे । उनीमात्र होइन उनका पत्नी भालशेर र पछि उनका चार भाई छोरा र १ छोरी धनेश्वरी समेतले काम गरे । फूलेश्वरको जीवननै भोगीमा चल्यो अहिले पनि गुजाराको माध्यम तिनै साहू भोगी छन् । 'सानैदेखि भोगी मालिकको काम गरे, अहिले पनि त्यही काम गरेर चुल्हो चलेको छ' फूलेश्वर भन्छन् 'गाउँघरमा अैचोपैचो कसैले दिदैनथे मालिक भोगी नै हाम्रा भगवान थिए, घर

बाँकी ३ पेजमा

## अपांगता भएका सिंहलाई ह्वीलचियर सहयोग



**लहान ।** निरन्तरको वर्षाले त्रिपाल मुनि पानी भएपनि बाँसको मचान बनाएर बस्दै आएका तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुरका ६५ वर्षीय विनोदकुमार सिंहलाई फोल्डिङ् गर्न मिल्ने टेण्ट हस्तान्तरण गरिएको थियो । त्यसको करिब दुई महिनापछि ह्वीलचियर उपलब्ध गराइएको छ । सिंहलाई विश्व हिन्दू परिषद्की उपाध्यक्ष ज्योत्सना साउद, एनिमल नेपालकी अध्यक्ष प्रमदा शाहको सहयोगमा सिंहलाई ह्वीलचियर उपलब्ध गराइएको हो । पछिल्लो एक वर्षदेखि देब्रे खुट्टा भाँचिएर हिंडडुल नै गर्न नसक्ने भएका सिंहलाई त्यसअघि गत साउनको पहिलो हप्ता एनिमल नेपालले फोल्डिङ् गर्न मिल्ने टेण्ट उपलब्ध गराएको थियो ।

राजविराज २ भलुवाही टोलको फूलबारीमा टेण्टभित्र बस्दै आएका सिंहलाई सामाजिक कार्यकर्ताद्वय सुदेश भगत, पत्रकार रक्षा कर्णले ह्वीलचियर हस्तान्तरण गर्दा सिंह भावविभोर हुँदै रोएका थिए । 'वर्षाको बेलामा फूलबारीमा पानीमाथि बनाएको मचानबाट आधुनिक फोल्डिङ् टेण्टमा सर्न पाउँदा हर्षित भएको थिएँ' भावविभोर हुँदै सिंहले भने 'हिंडडुल गर्न ह्विलचेयर पाउँदा झन् खुशी भएको छु ।' करिब ३० वर्षअघि गाउँ नजिकैको खाडो, जिता, महुली खोलामा आएको बाढीले खेतबारी बगाउनुका साथै चार छोरी, पत्नी गरी छ जनाको

बाँकी ३ पेजमा

### भित्री पृष्ठमा

नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादको नमुना
पेज २ मा

स्थानीय तहमा सुशासन
स्तम्भ : पालिका बहस
पेज ४ मा

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट

प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।

हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने

Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला

थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com

प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५




फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## माछापालनतर्फ किसानलाई आकर्षित गरौं

कृषिजन्य वस्तुमा नेपाल परनिर्भर बन्दै गए पनि स्वदेशी माछाले बजारको ८० प्रतिशत हिस्सा ओगटेको एक अध्ययनले देखाएको छ । केही वर्षदेखि व्यावसायिकरूपमा माछापालन हुन थालेपछि माछामा मुलुक आत्मनिर्भरतर्फ अग्रसर हुँदै छ । प्रत्येक वर्ष माछाको उत्पादन बढ्दै गएकाले विदेशबाट आयात हुने गरेको माछाको परिणाम क्रमशः घट्दै जान थालेको छ । केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रका अनुसार अघिल्लो वर्षाको तुलनामा पछिल्लो वर्ष माछा उत्पादन बढ्दै गएको हो ।

मत्स्य विकास निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतको मत्स्य अनुसन्धान महाशाखा र नेपाल मत्स्य व्यवसायी संघले गरेको अध्ययनले यस्तो देखाएको हो । आर्थिक वर्ष ०७०/७१ मा ६४ हजार ९ सय मेट्रिक टन उत्पादन भएको माछा आर्थिक वर्ष ०७४/७५ मा आइपुग्दा ८६ हजार ५ सय ४४ मेट्रिक टन उत्पादन भएको थियो । जुन उत्पादन चार वर्षाको समयमा झण्डै २० हजार मेट्रिक टन बढी हो । विदेशी मुलुकबाट आयात हुने माछाको क्रम भने घटेको छ । आर्थिक वर्ष ०७०/७१ मा १२ हजार ८ सय ६९ मेट्रिक टन आयात भएकामा आव ०७४/७५ मा १० हजार ७ सय ५६ मेट्रिक टन आयात भएको छ । जुन आयात चार वर्षमा २ हजार मेट्रिक टन कमी हो । यस आर्थिक वर्षसम्म आइपुग्दा नेपाली बजारको ८० प्रतिशत हिस्सा स्वदेशी उत्पादित माछाले ढाकेको छ । यसले पनि माछामा नेपाल आत्मनिर्भर हुँदै गएको र परनिर्भरता घटेको हो भन्ने सकिन्छ ।

पछिल्लो पटक नेपालमा माछापालन व्यवसायमा कृषकको आकर्षण बढेको छ । यसको मुख्य कारण माछापालन पोखरी खन्न गाह्रो भए पनि धेरै जनशक्ति नलाग्ने र धेरै आम्दानी हुने भएकाले धेरै कृषक यस पेसाप्रति आकर्षित भएको देखिन्छ । विश्वका विकसित मुलुकले वार्षिक प्रतिव्यक्ति २८ किलो माछा खाने गरे पनि नेपालमा उत्पादित माछाले वार्षिक ३ दशमलव १ किलोग्राम मात्र उपलब्ध हुने गरेको छ । अल्पविकसित मुलुकमा भने प्रतिव्यक्ति वार्षिक ११ किलोग्राम माछा प्रयोग हुँदै आएको छ ।

त्यसो त नेपालमा माछाको उत्पादन वृद्धिका लागि केन्द्र र प्रदेश सरकारले विभिन्न कार्यक्रम ल्याएको छ । नेपाललाई सन् २०३१ सम्म माछाको प्रयोगका लागि अल्पविकसित मुलुकको दाँजोमा पुऱ्याउन माछापालन सम्बन्धी विभिन्न कार्यक्रम ल्याउन लागेको छ । नेपालको तराईमा माछा अत्यधिक मात्रामा उत्पादन हुन्छ । सिराहा, धनुषा, चितवन, कैलाली, मकवानपुर, रूपन्देही र कपिलवस्तु लगायतका जिल्लामा धेरै माछा उत्पादन हुँदै आएको छ । नेपालका विभिन्न नदीनाला तथा तालतलैयामा हाल २ सय ३२ प्रजातिका माछा पाइन्छन् । त्योमध्ये ११ प्रजातिका माछालाई व्यावसायिक रूपमा पालन गरिएको छ । कमनकार्प, बिगहेडकार्प, सिल्भरकार्प, ग्रासकार्प, रहुकार्प, नैनीकार्प, भाकुरकार्प, टिलापिया, मांगुर, पंगास, जलकपुर, असला र ट्राउटलाई व्यावसायिक रूपमा पालन गरिएको छ ।

विभिन्न जिल्लामा कृषि ज्ञान केन्द्रमा मत्स्य विकास अधिकृत र थप केही जिल्लामा प्राविधिक सहायकमार्फत काम भइरहेको छ । माछाको विकास र विस्तारका लागि नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत नौ वटा अनुसन्धान केन्द्र स्थापना गरी माछाको अध्ययन तथा अनुसन्धान भइरहेको पाइन्छ । केन्द्रले किसानलाई प्राविधिक सेवा दिने पोखरी निर्माण, एरियटर (माछाको पोखरीमा अक्सिजन वृद्धि गर्ने मेसिन), ह्याचरी (भुरा उत्पादन गर्ने ठाउँ) निर्माणमा अनुदान सहयोग गरिरहेको छ । नेपालको कुल गार्हस्थ उत्पादनको एक प्रतिशत योगदान माछा व्यवसायबाट प्राप्त छ भने कुल रोजगारमा ३ प्रतिशत रोजगार दिएको छ । नागरिकले पोषणको महत्व बुझ्दै गएको वर्तमान अवस्थामा स्वस्थ माछाको उपलब्धतामा अझै पनि कमी छ । तसर्थ माछा पालनतर्फ कृषकलाई अझ आकर्षित गर्न आवश्यक छ ।

# नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादको नमुना

हामीहरू ठाउँ–ठाउँमा शिक्षण शिविर आयोजना गर्न थालेका छौं । त्यसको एउटा विषय छ, 'हाम्रो सन्दर्भमा प्रजातान्त्रिक समाजवाद ।' यसका दुई वटा पक्ष छन्, एउटा सिद्धान्तको वा इतिहासको पक्ष छ, अर्को व्यावहारिक पक्ष छ । समाजवादको परिकल्पनाको सन्दर्भ देश, काल र समाजको परिप्रेक्ष्यमा आउँछ ।

पहिले हामी विचार गरौँ, समाजवादको भावना कहाँबाट आयो ? समाजवादको भावना मार्क्सले आफ्नो किताब लेखेपछि मात्र आयो कि त्यसभन्दा पहिले पनि थियो ? समाजवादको भावना समाजवादको नाम नदिई अरू कुनै रूपमा थियो कि ? हाम्रै देशको सन्दर्भ हेरौँ । यस प्रसङ्गमा मलाई बुद्धको सम्झना आउँछ । बुद्धले कहीँ पनि समाजवादको चर्चा गरेनन् । तर मानव नियतिको सम्बन्धमा उनले 'मानव नियति बडो दुःखले ग्रस्त छ, त्यसबाट उद्धार पाउने उपाय पनि छ' भनेका छन् । उनी राजाका छोरा थिए । दुःख नदेखोस् भनेर उनलाई लुकाएर राखिएको थियो । बूढो, रोगी र मृतक मान्छे देखेपछि उनको मनमा प्रश्न उठ्यो, 'त्यो किन बूढो भयो ?, त्यो किन रोगी भयो, त्यो किन मऱ्यो, त्यो किन रोइरहेको छ ? के त्यसको दुःखको कुनै समाधान छैन ?' उनको मनको जुन स्थानबाट त्यो प्रश्न उठ्यो, त्यही स्थानबाट समाजवादको भावना पनि उठिसकेको थियो । म क्राइष्टले त झन् बढी समाजवादको चर्चा गरेको देख्छु । उनले भनेका छन्, उँट बरु सियोको प्वालबाट छिर्न सक्ला, धनी मानिस स्वर्गको द्वारबाट छिर्नै सक्तैन । उनी गरिबका हिमायती थिए । तिनताका त्यहाँका ठूल्ठूला पुँजीपतिहरूलाई 'मनि सेन्टर' भनिन्थ्यो । क्रिश्चियनहरूले यहुदी मन्दिरको वरिपरि बसेका त्यस्ता व्यक्तिहरूलाई कोर्रा हानेर भगाएका छन् । उनी समाजवाद भन्दैनथे । तर जुन भावना उनले उत्प्रेरित गरे, त्यो बुद्धको भावनाभन्दा ज्यादा प्रस्ट रूपबाट दलित समाजलाई उठाउने कोसिस थियो । उनको दलितको अर्थ भिन्नै थियो । उनले बेश्याको पनि उद्धार गरेका छन् । तपाईंहरूले बाइबल पढ्नुभएको होला । त्यसमा म्याक्डलिन भन्ने एउटी वेश्याको प्रसङ्ग आउँछ । म्याग्डलिनलाई पतीता भनेर त्यसबखतको नियमअनुसार उनलाई ढुङ्गाले हानेर मार्नका लागि मानिसहरूले ढुङ्गा उठाएको बेला क्राइष्ट त्यहाँ पुग्छन् र मानिसहरूलाई रोक्छन् ।

उनी प्रश्न गर्छन्, 'यिनीलाई किन ढुङ्गाले हान्न लागेको ?'

भीडले भन्छ, 'यो पतीता हो, यसलाई ढुङ्गाले हानेर मार्नुपर्छ ।'

## बिपी कोइराला राजनीतिक अभिलेख

क्राइष्ट भन्छन्, 'तिमीहरूमध्ये पाप नगरेको मान्छे को छ ? त्यसले ढुङ्गा हानोस् ।'

त्यहाँ पाप नगरेको व्यक्ति एक जना पनि थिएन र ढुङ्गा हान्न अगाडि सर्न कोही पनि तयार भएन । यसरी उनले म्याक्डलिन नामकी ती बेश्यालाई बचाएका थिए ।

उनले भने, 'आफैँ पापी छ भने त्यसले अरूलाई पापी भनेर ढुङ्गा हान्ने अधिकार छैन ।'

मानिसहरूको दुःखप्रति जुन मनोवैज्ञानिक धरातलबाट सहानुभूतिको भावना उत्पन्न हुन्छ, त्यही धरातलबाट समाजवादको विचार जागृत हुन्छ । मैले हिन्दु धर्मशास्त्रहरू धेरै अध्ययन गरेको छैन, मैले दुई–चारवटा ग्रन्थहरू मात्र पढेको छु । तर रामायण, महाभारतहरूमा पनि कता–कता त्यसका लक्षणहरू देखिन्छन् । त्यसलाई प्रस्ट दर्शनको रूप भने ग्रीसका दार्शनिकहरूले दिएका छन् । एउटा संयोग, यहाँ ठूल्ठूला हिन्दु दार्शनिकहरू भएकै बेला उता ग्रीसमा पनि ठूल्ठूला दार्शनिकहरू थिए । त्यसैबेला चीनमा पनि ठूला दार्शनिकहरू थिए । बुद्धपछिको दुई–तीनसय वर्षबीच हिन्दु धर्मका ठूल्ठूला दार्शनिकहरू देखापरे । तर ती हिन्दु दार्शनिकहरूले मानसिकतामाथि ज्यादा जोड दिएको देखिन्छ । उनीहरूले 'आफूलाई चिन' भन्नेमा ज्यादा जोड दिएका छन् । 'आफ्नो बुद्धिको प्रकाश आफूभित्र हाल, तिमी को हौ, त्यसलाई चिन' भन्ने दर्शनमा उनीहरू ज्यादा गए । उनीहरू बाहिरपट्टि गएनन् । ग्रीक दार्शनिकहरूले चाहिँ 'आफूभन्दा बाहिरतर्फ हेर' भने । उनीहरू 'चन्द्रमा कसरी आयो ? पदार्थ के हो ?_ ' भन्ने प्रश्नको उत्तर खोज्नतर्फ लागे । यसरी एउटा दर्शन कता–कता भौतिक संसारको खोजीमा लाग्यो र अर्को दर्शन त्यतिकै महत्त्वपूर्ण आन्तरिक संसार, आत्माभित्रको संसारको खोजीमा लाग्यो । आजभोलि आत्मासम्बन्धी अध्ययन सुरु भएको छ । यसबाट रोगको निवराण पनि हुन सक्छ भन्नेतर्फ अचेल ध्यान जान थालेको छ । हिन्दु ग्रन्थहरूमा समाजवादको त्यति प्रस्ट चर्चा छैन जस्तो मलाई लाग्छ । तर उपनिषद्मा समाजवादको जस्तै परिकल्पना छ, परिवार नियोजनको पनि उल्लेख छ भन्दछन् । त्यो मलाई थाहा छैन ।

तर पश्चिमी जगत्का प्लेटोले समाजवादको विषयमा कम्युनिज्मको नामै किटेर लेखेका छन् । प्लेटोका गुरु सोक्रेटिस र चेला एरिस्टोटल पनि दार्शनिक थिए । प्लेटोको त्यो दर्शन आउनुको पनि एउटा क्रम छ ।

सुकरात भन्थे, 'हरेक समस्यालाई जाँच्नुपर्छ, नजाँचिएको जीवन, जीवन नै होइन । नजाँची स्वीकार गरेको चीज भरपर्दो हुँदैन ।' त्यसो हुँदा उनी आफूलाई भन्थे, 'म त कुकुरको जीउमा लाग्ने झिङ्गा हुँ । म मान्छेको बुद्धिलाई जगाउनलाई कुकुर–झिङ्गा बन्छु । झिङ्गाले कुकुरलाई चुप लागेर बस्न दिँदैन नि । 'तपाईंको भनाइ के हो ?' भनेर सोध्दा, उनी भन्छन्, 'मेरो भनाइ नै छैन, तर म तिम्रो भनाइको आधार पो जान्न चाहन्छु ।' सुकरातका अनुयायीले यसमा एउटा बहस सुरु गरेका थिए । त्यसबखत धेरै दार्शनिक सिद्धान्तहरू थिए । हामीकहाँ ६ वटा प्रमुख दर्शन थिए, त्यस्तै पश्चिमी जगत्मा पनि ५–६ वटा दर्शनहरू प्रचारमा थिए । अब, 'न्याय भनेको के हो ?' भन्ने प्रश्न आयो । त्यसमा सुकरात एउटा भन्छन्, अर्कोले अर्कै भन्छ । अनि सुकरात आफैँलाई प्रश्न गर्छन्, 'यो के भएको हो ?' त्यस्तो सवाल–जबाफमा 'यो होइन रहेछ, यो पनि होइन रहेछ' भन्ने उत्तर आउँदै जान्छ । प्लेटोले सुकरातकै धारणाअनुरूप तर्क प्रयोग गरेर न्यायका सम्बन्धमा लेखे । तसर्थ प्लेटोले न्यायको सन्दर्भमा कता–कता हिन्दु दर्शनलाई मानेको जस्तो लाग्छ । 'मानिसहरूको स्वभाव तीन खालको हुन्छ', प्लेटोले यस्तो भनेका छन् । हिन्दु दर्शनमा चार किसिमको स्वभावको वर्णन छः क्षत्रीयहरूको स्वभाव वा राजसी स्वभाव, पैसा कमाउने वा सम्पत्ति जोड्ने वैश्य स्वभाव, चिन्तन गर्ने तटस्थ रहने बाहुनको स्वभाव र परिश्रम गर्ने शूद्र स्वभाव । प्लेटोले बाहुन, क्षेत्री र वैश्य भनेनन्, तर मानिसका यस प्रकारका स्वभावहरू देखाए । त्यस जमानामा, तल्लो किसिमको शारीरिक परिश्रमको काम दासहरूले गर्थे । त्यसो हुँदा उनले त्यसको चर्चा गरेनन् । उनले भने, 'मानिसहरूका मुख्य तीन किसिमका प्रवृत्ति छन् । मानिसले आफ्नो स्वभावअनुरूप काम गर्न पाउने समाज न्यायपूर्ण समाज हो र मानिसहरू आफ्नो स्वभावअनुरूप आ–आफ्नो पेशामा लागे भने न्यायपूर्ण समाज बन्दछ ।' हिन्दु धर्मअनुसार बाहुनको वृत्ति लिएको कुनै व्यक्तिले क्षत्रीय धर्म गर्नु ठीक हुँदैन । हिन्दु धर्ममा त्यसलाई वर्णशंकर भनिएको छ । प्लेटोले पनि मानिसको स्वभावअनुसार तालिम हुनुपर्छ भनेका छन् । उनी भन्छन्, 'सम्पत्तिको चाहना हुनेलाई त्यसै क्षेत्रमा तालिम गर्नुपर्छ, उसलाई राज्यको रक्षा गर्ने काम दिएर हुँदैन, जोसँग हतियार चलाउने प्रवृत्ति छ, उसैलाई राज्यको रक्षाका खातिर तालिम दिनुपर्छ, राजकाज चलाउँदा न्याय गर्ने कामका लागि पनि स्वभावका आधारमा मानिसहरू तयार गर्नुपर्छ ।' उनले दार्शनिक राजाको चर्चा गरेका छन्, उनी 'राजा दार्शनिक हुनुपर्छ' भन्छन् । उनी भन्छन्, 'बच्चाहरूलाई समान रूपले शिक्षा दिनुपर्छ । त्यसरी शिक्षा दिँदा बच्चाको मनोवैज्ञानिक अवस्थालाई बुझेर त्यसैबमोजिमको तालिम दिनुपर्छ । उसमा पैसा कमाउने, सम्पत्ति जम्मा गर्ने प्रवृत्ति छ भने उसको शिक्षा त्यहीँ राकेर त्यस्तै काममा लगाउनुपर्छ र त्यस वर्गले समाजको आर्थिक आवश्यकता पूरा गर्नुपर्दछ । त्यसभन्दा मेधावी छात्र छ भने उसलाई कम्युनिस्ट समाज बनाउन विशेष तालिम दिनुपर्छ । उसले सम्पत्ति लिन पाउँदैन, बिहे गर्न पाउँदैन । बिहे हुनासाथ उसको आफ्नो छोरो जन्मन्छ । त्यसप्रति उसको विशेष मोह हुन थाल्छ । छोरो लुलो भइदियो भने उसले 'छोरो' भनेर वंशमा प्रतिकूल असर नपर्ने गरी उसलाई राख्न खोज्छ । त्यसो हुँदा उसले बिहे नै गर्न पाउँदैन । उसकी सामूहिक पत्नी हुन्छे । उनीहरूले एक समान भएर बस्नुपर्छ । त्यसमा कति वर्ष बितिसकेपछि, योग्य भएपछि मात्र ऊ समाजको सेवामा संलग्न हुन पाउँछ ।'

प्लेटोले कम्युनिज्मको चर्चा गर्दा मानिसको स्वभावलाई नियन्त्रण गर्न सकिन्छ भनेका छन् । उनले भनेका छन्, 'सङ्गीत दुई किसिमको हुनसक्छ । एउटाले उदात्त प्रवृत्ति जागृत

————बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

## जीवनभर ...

उसैको निगाहामा चलेको छ ।' फूलेश्वरका चारभाई छोरा बेचु, गंगा, रामस्वरूप, विन्हु हुर्किए उनै भोगीकोमा काम पाए । उनीहरूपनि उनै फूलेश्वरले घरखेतको काम गर्थे । 'छोरा हुर्किए काम सघाए, गरी खानेभएपछि मलाई पनि सुख भयो' उनले भने 'तर खुशी धेरै दिन टिक्न सकेन ।'

हुर्किएकी छोरी धनेश्वरीको तेनुवापट्टीबाट मगनी भयो । हुर्कीएकी छोरीलाई उनले मगनी अनुसार ओपिनसँग विवाह गरिदिए । विवाहका लागि गिरहत भोगीसँग १५ वर्षअघि ५ हजार ऋण लिए । छोरीको विवाह धुमधामसँग उनले फछ्र्याए । छोरीको विवाहमा तामझामले मुसहर समाजमा उनले राम्रै इज्जत राखे । झालसेर सम्झन्छिन् 'त्यत्तिखेर गाउँले समाजले धनेश्वरी साच्चै फूलेश्वर र झालसेरको घरमा धनकी देवी भएर जन्मिएकी रहिछन् ।' धनेश्वरीलाई विदाई गरेपछि गिरहतको कृषि मजदुरी गर्दै गए फूलेश्वर र झालशेर दम्पत्तिले । गिरहतको खेतीखोला हेर्नुपर्ने, अर्कातिर गिरहतलाई छोरीको विवाह ऋण तिर्नुपर्ने, समस्या आइपऱ्यो फूलेश्वर दम्पत्तिलाई ।

गिरहतको काम गरेर उनीहरूले महिनामा दुई बोरा धान ऋण तिर्न थाले । 'काम गरेर ऋण तिर्दै गएको छु, मजदुरीमा पाउने धान बुझाउँछु, बाँकी धानले घरमा भात खाएर गुजारा चलाउँछु'उनले भने 'ऋण सकिनुको साटो झन बढेको बढ्यैं छ ।'

बिस्तारै ऋण तिर्दै गएका फूलेश्वरले जेठो बेचु र गंगा दुई छोराको बिहे गरिदिए । जेठो बेचु ससुराली पटना बस्छन् । साहिलो रामस्वरूप वैदेशिक रोजगारीका लागि मलेशिया छन् । कान्छो बिन्हु उनीसँगै कृषि मजदुरीमा खट्छन् । साथैमा रहेका गंगा ४ वर्षीय रमित र ३ वर्षीय अमित दुई छोरा छन् । उनीपनि गाउँमै कृषि मजदुरीमा खटेर गुजारा चलाउँछन् ।

'ऋण सकिनुभन्दा आफूहरू आफै बित्लाजस्तो लागेको छ' ती दम्पत्तिले भने 'गिरहतकैंमा काम गरिरहेको छु ।'

...

फूलेश्वरजस्तै सिरहा धनगढीमाई-९ का ५० वर्षीय कोविया सदाय मुसहरले कृषि मजदुरी गरिरहेका गिरहत पवन घिसिंङसँग १० हजार रूपैयाॅ ऋण लिएर माहिली छोरी सुनिताको विवाह गरिदिए । तिनवर्षअघि सप्तरी भेडियाका इन्दलसँग सुनिताको विवाह भयो ।

विवाहका बेला लिएको ऋण कोविया र मन्ची दम्पत्तिलाई तिर्न हम्मे पऱ्यो । सुनिताको ९ महिने काखे छोरी छन् । 'गिरहत पवनकैमा हामी दुबैजना काम गरेर गुजारा चलाउछौं' कोवियाले भने 'म हलो जोत्ने खेतको आली धुरदेखि धान विया उखाल्ने काम गर्थे, मन्चीले गिरहतको धान रोपनीदेखि घरखेतको काम गर्थिन ।' फूलेश्वर र कोवियामात्र होइन जनगणना २०६८ को तथ्यांक अनुसार २ लाख १७ हजार घरधुरीको एक टुक्रा पनि जमीन छैन । ती परिवार जनमजदुरी गरी गुजारा चलाउँछन् । १० लाख ३० हजार घरधुरीको खेतीका लागि आफ्नो भूमि छैन । तीमध्ये अधिकांश गुजाराका लागि गिरहतको जनमजदुरीमा खटछन् । नेपालमा ४२ हजार ५३ हजार २ सय २० घरधुरीको बसोबास छ ।

### ऋण नै पाउँदैनन्

भेडियाका इन्दल सदाय मुसहर ट्रयाक्टर चालक हुन । उनी यही सीपलाई वैदेशिक रोजगारीमा गएर पैसा आर्जन गर्न चाहन्छन् । तर, वैदेशिक रोजगारीमा जान रकम चाहिने भएकाले सुकुम्बासी परिवारका भएकाले ऋण नपाएकै कारण विदेश जान पाएका छैनन् ।

धन्छवारका विन्हु सदाय मुसहरपनि कृषि मजदुरीपछि घरमा त्यत्तिकै बस्नुभन्दा वैदेशिक रोजगारीमा गएर पैसा आर्जन गर्न चाहन्छन् । तर, उनीसूग वैदेशिक रोजगारीमा जानका लागि पैसाको जोहो छैन् । 'गाउँका साहु महाजनकहाँ ऋण माग्न गयो भने पत्याउँदैनन्' उनले भने 'जग्गा जमिन धितो राख भन्छन्, आफूसँग जग्गा जमिन छैन, गिरहतकोमा गयो भने व्याजमाथि व्याज छोड्छु भन्छन्, अनि ऋण तिर्दैमा ठिक्क हुन्छ, विदेश गएर कमाएको केही काम हुँदैन ।' दलित हरूवा चरूवा समुदायको सशक्तिकरणमा काम गरिहेको सामुदायिक विकास मञ्चका अध्यक्ष विनोद चौधरी दलित समुदायमध्ये पनि मुसहर परिवार अति विपन्न सूचीमा रहेको र अधिकांशको थातथलोको समेत ग्यारेन्टी नभएका ती परिवार ऋणको भारीमा पिल्सिएको बताउँछन् ।

उनले आइएलओको सर्वेक्षण अनुसार पनि सिरहामा १८ हजार १ सय ६० हरूवा चरूवा परिवार छन् । ती परिवार ऋणकैं कारण गिरहतकोमा ऋण सधाउन बधुवा मजदुरका रूपमा काम गर्न बाध्य भएकाले यसतर्फ राज्यले उनीहरूको सशक्तिकरणका लागि सोच्नु पर्ने उनले बताए । उनी भन्छन् 'पुस्तौंदेखि गिरहतको माटोसँग खेलेर जीविका चलाउन बाध्य हरूवा चरूवा परिवारको बसोवासका लागि आफ्नै नामको थातथलो नहुँदा बसोवासको असुरक्षा त छूदैछ, कतिपय गिरहतको ऋण तिर्न बधुवा मजदुरको रूपमा काम गर्न बाध्य छन् यस्ता परिवारको उत्थानका लागि ढिला गर्नुहुँदैन राज्यले बेलैमा सोच्नुपर्ने आवश्यकता छ ।'

## अपांगता...

परिवार छिन्नभिन्न भएपछि विरक्तिएका थिए सिंह । पत्नी, छोराछोरी, घरबारी सबै बाढीमा बेपत्ता भएपछि विरक्तिएर गाउँ छोडेर हिंडेका सिंह पछिल्लो वर्ष लडेर घाइते भएसँगै सामान्य उपचारपछि राजविराज नगरपालिका २ को भलुवाही टोलको बगैंचामा बस्दै आएका थिए । गाउँ छोडेर बाहिर घुम्दा घुम्दै पछिल्लो वर्ष भाइटीकाको अघिल्लो दिन लडेर देब्रे खुट्टाको तिघ्रा नजिकै भाँचिएपछि स्थानीय युवाहरूले राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल पुऱ्याए । हेरचाह गर्ने कोही नहुँदा तीन चार दिनको सामान्य उपचारपछि अस्पतालबाट डिस्चार्ज गरिएका सिंहलाई भलुवाही टोलका युवाहरूले सडकबाट उद्धार गरी फूलबारीमा त्रिपालको कटेरो बनाएर राखेको स्थानीय युवानिरज भुजेल बताउँछन् । 'त्यसपछि कहिले आफ्नै घरमा त कहिले टोलछिमेकमा मागेर भएपनि खानेकुरा खाजेर दिने गरेका छौं' भुजेलले भने 'आफ्नो टोल छिमेकमा रहेका सिंहको सेवा गरिरहेका छौं ।'

## नेपालको...

गर्न र अर्कोले तलतिर लैजान सक्छ । हाम्रा खराब प्रवृत्तिहरूलाई उकास्ने सङ्गीत हामीले बन्द गर्नुपर्छ ।' उनी छोराछोरीहरूको बारेमा भन्दछन्, 'राम्रा छोराछोरी जन्माउन बाबु-आमा पनि राम्रो हुनुपर्छ । आमा-बाबु राम्रा छैनन् भने उनीहरूले छोराछोरी जन्माउन पाउनु हुँदैन ।' उनका हेरक विचारमा समाजवादी विचार व्यक्त भएका छन् । उनले सानो वाक्यमा ठूला विचारहरू व्यक्त गरेका छन् । यी सबै त्यस युगका समाजवादी विचारधारा थिए ।

कसैलाई समाजवाद वा साम्यवादबारे बुझ्न मन छ भने प्लेटोको रिपब्लिक (गणतन्त्र) पढ्नु अत्यन्त जरुरी छ भन्ने प्रस्ट पार्न मैले यसको लामो चर्चा गरेको हुँ । त्यस पुस्तकमा अरू धेरै कुरा पनि व्यक्त गरिएका छन् । उनको समाजवादको लक्ष्य 'सचेतन प्रयत्नद्वारा समाजको सृष्टि कसरी गर्ने' भन्ने हो । समाजवादी सिद्धान्तले 'यो समाज देउताले बनाएको हो, त्यसो हुँदा हामी केही पनि गर्न सक्तैनौं' भन्ने मान्दैन । समाजलाई बनाउने वा बिगार्ने, त्यो हाम्रै हातमा छ, भन्ने विचार समाजवादी विचार हो । समाजवादी विचारले समाजलाई बनाउने वा बिगार्ने अधिकार आफूसँग छ भन्ने धारणा राख्छ । प्लेटोको गणतन्त्रले त्यही विचार दिएको छ ।

त्यसपछिको इतिहासमा अरू धेरै ग्रन्थहरू पनि लेखिए । जहिले-जहिले ठूला-ठूला क्रान्ति भए, त्यसभन्दा अगाडि पनि नयाँ विचारहरूको उत्पत्ति भयो । इङ्गल्याण्डमा चार्ल्स प्रथम मारिए, त्यसभन्दा अगाडि ट्यूडरहरू आए । त्यसबखत पनि त्यहाँ विचारहरूको उत्पत्ति भएको छ । थोमस मूरले युटोपिया नामको गन्थ लेखेका छन् । युटोपिया एउटा काल्पनिक ठाउँ हो । त्यो ठाउँ एउटा टापुजस्तो छ । त्यहाँ सुनलाई कसैले पनि कुनै महत्त्व दिदैन । त्यहाँ अपराध भनेको रोग हो भनिन्छ र कुनै अपराध नै हुँदैन । त्यहाँ सबैको सम्पत्ति बराबर हुन्छ । युटोपिया त्यस किसिमका भावनाहरू लिएर लेखिएको थियो । त्यो पनि समाजवादी विचारको प्रारम्भिक अवस्था थियो । तर त्यसलाई युटोपिया वा नभएको ठाउँको परिकल्पना भनियो ।

त्यसपछि इङ्गल्याण्डमा औद्योगिक क्रान्ति भयो । त्यो क्रान्ति हुँदा त्यहाँको समाजमा भयानक उच्छृङ्खलता आउँछ । मानिसहरू पहिले खेती गर्थे, र काम गर्दा जतिसुकै दु:ख भए पनि उद्योगमा लागेका मजदुरहरूको भन्दा उनीहरूको अवस्था राम्रो थियो । उद्योगधन्दामा लागेकाले १८-१८ घन्टा काम गर्नुपर्थ्यो, अँध्यारो ठाउँमा काम गर्नुपर्थ्यो । बच्चाहरूलाई खानीहरूमा काम लगाइन्थ्यो । स्वास्नीमानिसहरूले कपडा कारखानाहरूमा भयानक दुरावस्थामा काम गर्नुपर्थ्यो । भयानक शोषण हुन्थ्यो । त्यसले गर्दा दुई किसिमको भावना जागृत भयो । यो मेसिन नै खराब हो, यसले हाम्रो इङ्गलाण्डको सफा वातावरणलाई धुँवैधुँवाले विषाक्त पाऱ्यो, यसलाई तोड भन्ने एउटा भावना उत्पन्न भयो । अनि मेसिनलाई नै तोड्ने एउटा आन्दोलन सुरु भयो । अर्को भावना थियो, 'यसमा मेसिनको दोष छैन । मेसिनमा एउटा व्यक्तिको स्वामित्व हुनु ठीक भएन, मेसिनलाई मजदुरहरूको स्वामित्वमा राखिदिएको र त्यसको आर्जन सबैलाई बराबर गरिदिएको खण्डमा त्यसको दोषलाई हटाउन सकिन्छ ।' त्यो विचार रोबर्ट ओवेन, फुलर भन्ने व्यक्तिहरूले अगाडि सारेका थिए । उनीहरूले भनेका थिए, 'मजदुर र मालिक भन्ने नै हुनुहुँदैन, समान रूपले बस्ने, काम गर्ने, एउटा समूहमा बस्ने र समूहमा खाने व्यवस्था हुनुपर्छ ।' तर त्यो आन्दोलन चल्न सकेन । उनीहरू इङ्गल्याण्डमा असफल भएपछि अमेरिका गए । उनीहरूले अमेरिकामा पनि थुप्रै कोलोनीहरू ( संयुक्त आवास) बनाए, ठूलो आन्दोलन पनि भयो । पछि, समाजवादीहरूले उनीहरूलाई युरोपेली समाजवादीको संज्ञा दिए । उनीहरू केवल काल्पनिक जगत्मा मात्र विचरण गर्थे भनियो । *क्रमश :*


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**

# स्थानीय तहमा सुशासन

**पालिका बहस**

**कृष्णप्रसाद सापकोटा**



सुशासन भनेको शासकीय आयाम हो । शासन सञ्चालनका आधारभूत मान्यता, प्रचलित, कानुन, मापदण्ड, विधि, पद्धति, सरोकारवालाहरूको सहभागिता सहितको शासन व्यवस्था हो । स्थानीय तह नागरिकको सबै भन्दा नजिकको सरकार हो । नागरिकको सबै प्रकारका समस्याहरु सम्बोधनको पहिलो संयन्त्र स्थानीय सरकार हो । यसले साँच्चै नै गर्भदेखि चिहानसम्मका सबै काममा सहयोग पुऱ्याउनु पर्दछ । कुनै व्यक्तिको जन्म वा मृत्यु भने स्थानीय सरकारले प्रमाणित नगरीकन सो व्यक्ति कानुनी रुपमा जन्मेको वा मृत्यु भएको मानिँदैन । सरकार भनेको जन्मदेखि मृत्यु सम्मको काम गर्ने निकाय हो भनिएको हो । नजिकको सकारको भएको नाताले यो जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ ।

**विद्यमान कानुनी पूर्वाधार सुशासन**

सुशासनका सवालमा स्थानीय तहमा रणनीतिक चुनौती छन् । निर्वाचित जनप्रतिनिधिहरूलाई संविधान र कानुनको भावना अनुसार परिचालित गर्ने, कामहरु सम्पादन गर्दा निहित स्वार्थ र राजनैतिक लाभांश खोज्ने सोच भन्दा माथि उठेर उच्च राजनैतिक संस्कारमुक्त व्यवहारका साथ अगाडि बढ्नुपर्ने चुनौती छ । राजनीतिविज्ञहरूको बोली, व्यवहार र कानुनबीच तादात्म्य मिलाउनु जरूरी छ । कतिपय अवस्थामा व्यवहार र कानुन पनि मिल्दैन कानुन र व्यवहार बिच तालमेल मिलाउनु पर्ने चुनौती छ । उदाहरणको लागि बाढी पहिरोको पहिरो लगायत विपद्को अधिक व्यवहारिक रुपमा व्यवस्थापन गर्नु पर्ने हुन्छ तर कतिपय अवस्थामा कानुनी पूर्वाधारले स्थानीय सरकारका लागि सहयोग बनेको देखिँदैन । स्थानीय सरकारले दिल र दिमागले नागरिकको दुःखमा दिने साथलाई विद्यमान कानुनी पूर्वाधारले सपोर्ट र कतिपय अवस्थामा कानुनी सुशासन कायम नहुन सक्छ । नागरिकका वास्तविक समस्या समाधान गरौँ कि कानुनको पूर्ण परिपालन तर्फ लाग्यौ भन्ने इथिकल डिलेमा सृजना हुन्छ । मेरो बुझाइमा संघीय कानुनी संरचनालाई स्थानीय तहको कामको गति, आशय, प्रकृति र आयामसँग तालमेल मिलाउनु पर्ने देखिन्छ । स्थानीय तहलाई स्पष्ट दिशा निर्देश त जरूरी छ नै यसका अतिरिक्त क्षमता अभिवृद्धि पनि सँगसँगै लैजान पर्दछ ।

**बेरूजु र स्थानीय सरकार**

महालेखा परीक्षकको कार्यालयले स्थानीय तहमा देखिएको बेरूजुलाई चिन्ताको रूपममा लिएको छ । स्थानीय तहको बेरूजु न्यूनीकरणका लागि विशेष रणनीति नै आवश्यक छ । वर्तमान प्रणाली कानुन, कार्यविधि, तौरतरिका पद्धति र स्थानीय सरकारको कार्य जिम्मेवारी, दायित्व, नागरिकका समस्या समाधान गर्ने तत्परता, राजनैतिक गतिशीलता बिच तालमेल जरूरी छ । कतिपय जनप्रतिनिधिहरूको भनाइलाई आधार मान्ने हो भने केन्द्रीकृत सोच, दृष्टिकोण, चिन्तन, कार्यशैलीले स्थानीय तहको जिम्मेवारीको गाम्भिर्यतालाई बोध गर्न सकेन भन्ने पनि छ ।

बेरूजुको चाङ लगाउनु मात्र बहादुरी होइन बेरूजु न्यूनीकरणका उपायहरु सुझाउने, स्थानीय तहको क्षमता बढाउने, शून्य बेरूजुका लागि रणनीति तय जरूरी छ । स्थानीय तहको बेरूजुमाथि छलफलको लागि संयन्त्रका बारेमा पनि विद्यमान कानुनहरु मौन देखिएका कारण पनि कसरी समाधान गर्ने भन्ने द्विविधा देखाउँछ । स्थानीय सरकारद्वारा आफ्नो स्रोतसाधनको विवेकशील विनियोजन गर्नुपर्दछ । विवेकशील विनियोजन नहुनु पनि बेरूजु निस्कनुको कारण हो । साथसाथै नेपालको बजेट प्रणालीमा विद्यमान संरचनात्मक समस्याहरु पनि छन् जुन राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रत्येक वर्ष छलफल भइरहेको हुन्छ ।

**शासकीय शैली र सुशासन**

नेपालको विद्यमान शासन प्रणालीले शासन सञ्चालन प्रक्रियालाई अधिकतम विकेन्द्रित गरी नागरिकलाई सबैभन्दा तल्लो तह, नजिकको, पायक पर्ने निकायबाट सेवा प्रदान गर्ने नागरिकका आवाज सुन्ने मनसाय मनसाय हो । त्यही भएर गाउँ विकास समितिबाट गाउँपालिकामा रुपान्तरण गरिएको हो । तत्कालीन अवस्थाका अधिकांश गाउँ विकास समितिहरु वडा कार्यालयमा परिणत गरिएका छन् किनकि वडा कार्यालयबाट विद्यमान कानुन अनुसारका सेवा प्रदान गर्ने निकायको रुपमा विकास गर्नको लागि हो । तर आज वडा कार्यालय कानुनका भावना अनुसार संस्थागत हुन सकेका अझै सकेका छैनन् । वडा कार्यालयमा कर्मचारीहरूको ठुलो अभाव छ ।

सुगम क्षेत्रबाहेकका अधिकांश वडामा तत्कालीन गाविसले लुज प्रक्रियाबाट नियुक्त गरिएका तत्कालीन गाविस सहायक कर्मचारीबाट मूल सेवा प्रवाह भई राखेको छ । सुशासन भने कानुनी प्रक्रिया मात्र नभई गुणात्मक सेवा हो भन्ने विषय बोध हुन जरूरी छ । सेवा प्रवाह र सुशासनका सवालमा वडा कार्यालयको सेवा प्रवाहको बारेमा छुट्टै बहस आवश्यक छ ।

स्थानीय सरकारमा अझै पनि वडा कार्यालयहरू प्राथमिकतामा परेका छैनन् । स्थानीय सरकार सञ्चालन ऐनले करिब ३६ प्रकारका कामहरु वडा कार्यालयलाई सुम्पेको छ तर पर्याप्त जनशक्ति अझै पुगेका छैन । यी सबै परिवेशमा के कुराको निष्कर्षमा पुग्न सकिन्छ भने अझै पनि शासकीय पात्रहरुमा केन्द्रीकृत मानसिकता छ । संवैधानिक र कानुनी रुपमा हामी संघीय शासन प्रणालीमा रुपान्तरण भए पनि हाम्रो शासकीय सोच, शैली, र व्यवहार संघीयता सापेक्ष हुनै बाँकी छ । संघीय शासन प्रणालीलाई फलाउने फुलाउने चिन्तनका साथ विद्यमान सबै प्रणालीमा रुपान्तरण आवश्यक छ ।

संघीयतालाई व्यवहारिक रुपमा संस्थागत गर्नको लागि राजनीतिको रणनीतिक हस्तक्षेप जरूरी छ । रणनीतिक हस्तक्षेप राजनैतिक शुद्धीकरण सहितको हस्तक्षेप हो । यसलाई बुझाउन थप बहस जरूरी छ । रणनीतिक हस्तक्षेपको अभावका कारण स्थानीय सरकारहरूलाई शंकाको दृष्टिकोणले हेरिएको छ जुन सुशासनको चुनौतीको रुपमा रहेको छ ।

**नागरिकको सहभागिता**

शासन सञ्चालनको नवीनतम अवधारणाको रुपमा नयाँ शासकीय सेवा (एनपीएस) प्रचलनमा छ । यो अवधारणा अनुसार शासनमा नागरिकको सक्रिय सहभागिता, सार्वजनिक सेवा प्रदानमा सरकार, निजी क्षेत्र र तेस्रो क्षेत्रको साझेदारीयुक्त सहभागिता, सार्वजनिक निजी साझेदारी, सह उत्पादन, निर्माण हुनुपर्छ भनिन्छ । साथै शासकीय प्रबन्धको महत्त्वपूर्ण खम्बाको रुपमा जनसहभागितालाई लिइएको छ । परम्परागत प्रशासनमा सरकार नै सर्वेसर्वा ठानिन्थ्यो भने हाल निजी क्षेत्र र सामाजिक क्षेत्रलाई पनि शासन सञ्चालनको पात्रको रुपमा स्वीकार गरिएको छ । केवल सरकार मात्र होइन विकास व्यवस्थापन र सेवा प्रवाहमा नागरिकको सक्रिय सहभागिताको सहभागिताको सुनिश्चितता सुनिश्चितता अनिवार्य ठानिएको छ ।

स्थानीय शासनमा नागरिकको तहमा नागरिकको सक्रिय सहभागिता सुनिश्चितता र शासकीय प्रबन्धलाई सबल बनाउनका लागि स्थानीय सरकारका विद्यमान जनप्रतिनिधिमूलक संयन्त्रहरूलाई सबल सक्षम बनाउनु जरूरी छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका संवैधानिक एवं कानुनी पूर्वाधारहरूले शासन सञ्चालनका विभिन्न आयामहरुमा नागरिकको सक्रिय सहभागिताको अपेक्षा अनुसार स्थानीय तहको कार्यकारी संरचना, विषयगत संरचना, नगरसभा लगायतका दरिलो सहभागिताको परिकल्पना गरिएको छ । बलियो कानुनी हैसियत भएका यी संरचनाहरूलाई सबल सशक्त र प्रभावकारी बनाउनु बनाउनु आवश्यक छ ।

नागरिकको आवाज अझै दरिलो र घनिभूत रुपमा बाहिर आउने अवसर यी संयन्त्रले प्रदान गर्नुपर्दछ । स्थानीय सरकारको विधि निर्माणको थलो नगर र गाउँ सभा सशक्त र प्रभावकारी बनाउनु पर्छ । नगर र गाउँ सभालाई कतिपय अवस्थामा केवल औपचारिक रुपमा सीमित पारिएको गुनासो पनि सुनिन्छ । जब स्थानीय सरकारको विधि निर्माणको थलो स्थानीय सभा औपचारिक रुपमा सीमित हुन्छ तब नयाँ शासकीय सोच अनुसारको नागरिक सहभागिता गौण बन्न पुग्छ । सहभागिता सुनिश्चितताका लागि निर्माण गरिएका यी जलाधार तहका संयन्त्रहरूलाई प्रभावकारी औजारको रुपमा विकसित गर्नुपर्दछ । सरकार भित्रका संयन्त्रहरु क्रियाशील भएपछि बल्ल बलियो नागरिक समाज, व्यावसायिक प्रेस, आर्थिक, सामाजिक र राजनैतिक आयामहरुलाई प्रभावकारी परिचालन गर्न सकिन्छ । बलियो नागरिक समाजको निर्माण भएपछि सक्रिय नागरिक सहभागिता सुनिश्चित र परिणाममुखी बन्न सक्छ ।

**कानुनको परिपालना**

स्थानीय तहमा सुशासन कायम गर्नमा विद्यमान कानुनी पूर्वाधारमा ग्याप छ । बन्नै पर्ने कानुनहरु पनि बन्न सकेका छैन । जस्तै स्थानीय सरकार सञ्चालन नियमावली, आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली आउन सकेको छैन । राष्ट्रिय प्राकृतिक स्रोतको वितरण, यसको उपयोग लगानी र प्रतिफलको हिस्सा सम्बन्धमा विभिन्न ऐनहरुमा छरिएका व्यवस्थाहरु यकिन गर्न र स्रोत व्यवस्थापनमा उत्पन्न द्विविधालाई निराकरण गर्न प्राकृतिक स्रोत सम्बन्धी एकीकृत ऐन वा संहिता कानुन जरूरी छ । स्थानीय तहको ठुलो स्रोतको रुपमा नदीजन्य पदार्थ खानी लगायतका स्रोतहरु कानुनी आधार रहित कार्यविधिबाट सञ्चालन गर्नुपर्दा स्रोतको सही परिचालन हुन सकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रावधानहरूलाई पूर्णरूपमा कार्यान्वयन ल्याउन पनि स्थानीय तहले अझै सकेका छैनन् । स्थानीय तहको लेखा परीक्षण एवं बेरूजु सम्परीक्षणको विद्यमान प्रणालीमा सुधार आवश्यक छ ।

**वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन**

वित्तीय संघीयताका मूल अवयव (खर्च जिम्मेवारी, राजस्वको अधिकार, अन्तर सरकारी वित्तीय हस्तान्तरण, प्राकृतिक स्रोतको न्यायोचित बाँडफाँड र आन्तरिक ऋण) हरुको प्रभावकारी एवं नतिजामूलक परिचालन मार्फत गरिबी न्यूनीकरण, रोजगारी अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तर्फ लाग्नु पर्ने हुन्छ । खर्च जिम्मेवारीका क्षेत्रहरुमा प्रभावकारी विनियोजन र परिणाममुखी कार्यान्वयन विना समृद्ध नेपालको सपना पुरा हुन सक्दैन र नागरिकले सुशासनको अपेक्षा पनि गर्न सक्दैनन् ।

जब शासकीय व्यवस्था पारदर्शिता, उत्तरदायित्व वा क्षमताको कमी भएको व्यवस्थाको रुपमा चिनिन्छ तब गरिब, आरक्षित र कमजोर अवस्थामा रहेका मानिसहरूले सबैभन्दा बढी दुःख पाउँछन् । जब नीति तथा कार्यक्रमहरु कुलीनद्वारा कब्जा गरिन्छ तब गरिबहरुको स्रोत साधनमा पहुँच पुग्दैन । अवसरहरु खुम्चिन्छन् र आवाजहरु सुनिँदैन । यस कारण सरकारका सबै संस्थाहरु प्रभावकारी उत्तरदायी र समावेशी हुनु पर्दछ । सरकारका संरचनाहरु दोहनकारी होइनन् की प्रतिस्पर्धी कम्पिटेन्ट र डेलिभरी दिने सक्ने हुनुपर्दछ । तब मात्र सुशासनको प्रत्याभूति हुनसक्छ । यो सबैको सजिलो सूत्र स्रोतको प्रभावकारी वियोजन र परिणाममुखी कार्यान्वयन नै हो।

**निष्कर्ष**

सार्वजनिक ओहदा धारणा गरेका सवै जना रोल मोडलको रुपमा उभिनु पर्दछ । आफू रोल मोडल भएपछि मात्र सरकारका सहयात्रीहरूलाई सह–उत्पादन, सह–निर्माण, साझेदारीका लागि उत्प्रेरित गर्न सकिन्छ । सार्वजनिक जीवनमा तोकिएका सिद्धान्तहरु जस्तै स्वार्थ रहित, निष्ठा, नेतृत्व, इमानदारिता, वस्तुनिष्ठता, खुलापन, उत्तरदायित्वलाई स्थानीय तह वाट तलब, भत्ता सुविधा लिने सबै परिपालन गर्नुपर्छ ।

सार्वजनिक व्यक्तिको अनिवार्य दायित्व नै सार्वजनिक जीवनका सिद्धान्तहरु परिपालना गर्नु हो । सार्वजनिक व्यक्तिले माला अर्थात् सम्मान प्राप्त गर्ने गरी काम गर्ने र नागरिकलाई सम्मान दिने हो । सेवा प्रापकबाट माला पाउनु भनेको नागरिकको सन्तुष्टि बढ्नु हो । नागरिक सन्तुष्टि नै सुशासनको कोशेढुँगा हो । *प्रशासन अनलाइनबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)